# आरुघाट गाउँपालिका

## आ.व.२०७८।०७९ को बजेट, कार्यक्रमको बक्तव्य

**आदरणीय सभाध्यक्ष ज्यू ,**

**सभा सदस्य ज्यूहरु,**

संघिय लोकतान्त्रिक गणतन्त्र पछिको नयाँ संविधानले परिकल्पना गरे अनुसार संघियताको पहिलो अभ्यासको क्रममा स्थानीय तहको निर्वाचनवाट निर्वाचित हामि जनप्रतिनीधिहरूको पहिलो कार्यकालको चार वर्ष पुरा गरेका छौं। यस अवधिमा थुप्रै चुनौतीहरूका बाबजुत पनि हामिले महत्वपूर्ण कार्यहरू सम्पन्न गरि समग्रतामा सफलता हासिल गरेका छौं ।विश्वव्यापी कोभिड-१९ महामारीका कारण उत्पन्न असमान्य परिस्थितिका बिच हुन गईरहेको यस आरूघाट गाउँपालिकाको नवौं गाउँसभा समक्ष आर्थिक वर्ष २०७८।७९ को बार्षिक बजेट पेश गर्न पाउँदा म आँफुलाई गौरवान्वित महसुस गरेको छु ।

१. सर्वप्रथम लोकतन्त्र प्राप्तीको आन्दोलनको कठिन परिस्थितिमा त्याग र नेतृत्व प्रदान गर्नुहुने अग्रज राजनीतिज्ञहरू प्रति उच्च सम्मान प्रकट गर्दछु र विभिन्न ऐतिहासिक आन्दोलनमा आफ्नो जिवनको आहुती दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरू प्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु ।साथै विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभीड–१९ बाट संक्रमित भई उपचाररत सबै ब्यक्तिहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।कोभिड १९ का कारण ज्यान गुमाउनुहुने प्रति हार्दिक श्रद्वान्जलि व्यक्त गर्दछु ।

२. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभीड–१९ को कारण विश्वले एकैपटक अप्रत्याशित मानवीय र आर्थिक संकट सामना गर्नुपरेको छ। स्वास्थ्य संकटबाट अर्थतन्त्र, मानवीय जीवनपद्धतीमा असहज अवस्था सिर्जना गरेको छ। यस विषम घडीमा सवै राजनितिक दल, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, संघ संस्था र आम नागरिकको सहयोग र ऐक्यवद्धताले वर्तमान चुनौती सामना गर्न सकिन्छ भन्ने हाम्रो दृढ विश्वास रहेको छ।

३. आगामी आर्थिक बर्ष २०७८।७९ को बजेट नयाँ परिस्थितिले सिर्जना गरेको चुनौतीलाई सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रित रही प्राकृतिक, साँस्कृतिक र विभिन्न भौगोलिक विविधता युक्त यस गाँउपालिकालाई समृद्ध बनाउन पर्यटन, कृषि, र पुर्वाधारमा समृद्ध बनाई मानव जीवन रक्षा गर्ने, भविष्यप्रति आधारयुक्त आशा जगाउने र अर्थतन्त्रको पुनरुत्थान गर्दै तीव्र विकासको बाटोमा लैजाने गरी हाम्रा सम्पूर्ण स्रोत साधन यसैमा परिलक्षित रहेका छन्।

**श्रद्धेय सभाध्यक्ष**
**एवं सदस्य ज्यूहरु,**

४. यो बजेट तर्जुमा गर्दा मूलतः नेपालको संविधान, पन्ध्रौं योजना र दिगो विकासका लक्ष्य, गण्डकी प्रदेशको प्रथम आवधिक योजना, स्थानीय सरकार संचालन ऐन यस आरुघाट गाउँपालिकाको प्रथम आवधिक योजनाको आधार पत्र, नीति तथा कार्यक्रम, विनियोजन विधेयक समेतलाई आधार बनाएको छु। बजेट तर्जुमाको सिलसिलामा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, राजस्व परामर्श समिति, विभिन्न

विषयगत समिति, संघ संस्था, राजनितिक दल, नागरिक समाज एवं विद्धान वर्ग लगायत सवै वर्गबाट प्राप्त सुझाबलाई समेत ध्यान दिएको छु।

५. सिमित स्रोत साधनले असिमित माग र बढ्दो आकांक्षा एकैपटक सम्बोधन गर्न नसकिने यथार्थता एकातर्फ छ भने स्रोतको न्यूनताको कारण हामीले चाहे जस्तो विकासका कार्यहरुमा लगानी बृद्धि गर्न सकिएको छैन।यो बजेट तर्जुमा गर्दा नेपाल सरकार र गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने सर्शत अनुदान, वित्तीय समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदान, राजश्व बाँडफांड र गाउँपालिकाको आन्तरिक आम्दानी समेतको अनुमानमा स्थानीय स्रोत र साधनको परिचालन गरी सेवा, उत्पादन र रोजगारी अभिवृद्धि गर्ने योजना र कार्यक्रममा केन्द्रित गरी सकेसम्म गाउँपालिकाको समग्र विकासलाई सन्तुलित बनाउने गरि बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु।

**श्रद्धेय सभाध्यक्ष**
**एवं सदस्य ज्यूहरु,**

अव म, चालु आर्थिक वर्ष २०७७।७८ मा यस गाउँपालिकाको आय व्ययको संसोधित अनुमान तथा सम्पादित महत्वपूर्ण कार्यहरुको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**चालु आ.व. २०७७।७८ को संसोधित आय अनुमान**

चालु आ.व २०७७।०७८ मा आय अनुमान **५४ करोड ८१ लाख** रहेकोमा संशोधित आय **अनुमान ६१ करोड २७ लाख ९० हजार** रहेको छ। जसमा आन्तरिक आयतर्फ **११ करोड ८५ लाख** ४९ **हजार**, संघीय वित्तीय समानकिरण तर्फ **१३ करोड १५ लाख**, सशर्त अनुदान तर्फ २४ **करोड ५९ लाख १३ हजार**, संघीय सरकार राजस्व बाँडफाँड तर्फ **७ करोड ७५ लाख**, प्रदेश वित्तीय समानीकरण अनुदान **१ करोड २२ लाख ३१ हजार**, प्रदेश सरकार राजस्व बाँडफाँडबाट ३३ **लाख ७३ हजार**, सामाजिक सुरक्षा तर्फ **९ करोड १० लाख ८० हजार** संसोधित अनुमान रहेको छ।

**चालु आ.व २०७७।७८ को संशोधित व्यय अनुमान**

चालु आ.व. को लागी व्यय अनुमान **५४ करोड ८५ लाख** रहेकोमा संशोधित व्यय अनुमान ६१ **करोड २७ लाख ९० हजार** रहेको छ। जसमा संसोधित चालू खर्च **३२ करोड ९७ लाख** अनुमान रहेको छ भने संसोधित पुँजीगत खर्च तर्फ **२८करोड ३० लाख** रहेको छ र हालसम्मको वित्तीय प्रगती ७४.९४ प्रतिशत रहेको छ।

६. **चालु आ.व. २०७७।७८ मा प्राप्त मुख्य उपलब्धिहरु :**

- **पूर्वाधार विकास तर्फः**

➢ गाउँपालिका भित्र २१.९६ कि.मि नयाँ सडक निर्माण(Track Opening) कार्य सम्पन्न भएको छ।

➢ नियमित मर्मत तर्फ ६९.६२ कि.मि, स्तरोन्नति तर्फ ३०.८५ कि.मि र ग्राबेल तर्फ ४.११९ सडक निर्माण कार्य सम्पन्न भएको छ ।

- गाउँपालिका भित्र साना ठुला गरि ३१ वटा सामुदायिक भवन, २८ वटा मन्दिर/गुम्बा निर्माण कार्य सम्पन भएको छ ।
- १३ वटा खानेपानी योजना र ३ वटा पार्क निर्माण कार्य सम्पन्न भएको छ ।
- जिल्ला समन्वय समिति र गाउँपालिकाको सहकार्यमा यस गाउँपालिकाको वडा नं ८ र १० को प्रशासनिक कार्यालयको भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

- **एक स्थानीय तह एक खेल ग्राम** कार्यक्रम अन्तर्गत संघीय सरकार र यस गाउँपालिकाको सहकार्यमा खेल मैदानको निर्माण भईरहेको छ।
- त्यस्तै आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उदेश्यका साथ रमाईलो डाँडा पार्क चनौटे र स्टोन पार्क मान्वुको निर्माण भईरहेको छ ।
- **शिक्षा तर्फ**
  - दरबन्दी मिलान सम्बन्धी कार्यविधि अनुसार दरबन्दी मिलानको कार्य सम्पन्न गरिएको साथै थप १५ वटा दरबन्दी प्राप्त भई शिक्षक व्यवस्थापन गरिएको ,
  - शिक्षक तथा विद्यालय कर्मचारीहरुलाई गाउँ पालिका स्तरीय परिचय पत्र बनाइएको ,
  - सम्पूर्ण विद्यालयहरुलाई IEMIS सम्बन्धि तालिमका साथै वडा अध्यक्ष ,वि.व्य.स अध्यक्ष र प्र.अ हरुलाई क्षमता विकास तालिम सम्पन्न गरिएको,
  - सामाजिक विकास मन्त्रालय , गण्डकी प्रदेश बाट भारि वर्षाका कारण विद्यालयमा भएको बाढी , पहिरो जस्ता क्षति न्यूनीकरणका लागि जनशक्ति आ.वि, कल्लेरी आ.वि र शंख देवी प्रा.वि मान्वु मा योजना सम्पन्न भएको ,
  - सम्पूर्ण सामुदायिक विद्यालयहरुमा सोहि विद्यालयमा कार्यरत वरिष्ठतम शिक्षकलाई प्रशासनिक जिम्मेवारी दिने निर्णय भएको ,
  - सम्पूर्ण विद्यालयहरुमा शिक्षा ऐन अनुसार वि.व्य.स र शि.अ.स समिति गठन कार्य सम्पन्न भएको
  - वैकल्पिक प्रणाली द्धारा सिकाई सहजीकरण निर्देशिकालाई आधार मानी कक्षा १ देखि कक्षा १० सम्मका विद्यार्थीलाई बैकल्पिक स्वाध्ययन सामग्री छपाई तथा वितरण गरिएको ,
  - विष्णु प्रा वि लाई नि.मा.वि तह अनुमति दिएको ,
  - विभिन्न अतिरिक्त क्रियाकलाप संचालन गरी विद्यार्थीहरुको आन्तरिक क्षमता अभिबृद्धि गर्ने कार्यक्रमहरु संचालन गरिएको ,
  - जनशक्ति आ.वि, चन्द्रोदय आ.वि , निलकण्ठ आ.वि र वासुकी आ.वि मा KITS सामग्री , दरबार मा.वि र सिद्दवेवी मा.वि मा विज्ञान प्रयोगशाला , देवी जलकुमारी र गण्डकी मा.वि मा ICT र जलकुमारी मा.वि मा पुस्तकालयको स्थापना गरिएको ,
  - राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत धारापानी मा.वि मा शैक्षिक सामग्री व्यवस्थापन अनुदान, जलकुमारी मा.वि मा स्मार्ट कक्षा व्यवस्थापन योजना परी कार्य सम्पन्न भएको , र धारापानी मा.वि मा २ कोठे भवन निर्माण क्रममा रहेको , भवानी मा.वि ,मान्वु मा WASH सुबिधा भएको शौचालय निर्माण भएको

- नेपाल सरकारले तोकेको मापदण्ड अनुसार सम्पूर्ण सामुदायिक विद्यालयका प्रारम्भिक कक्षा देखि कक्षा ५ सम्मका छात्रछात्रालाई दिवा खाजा कार्यक्रम संचालन गरिएको ।

- **कृषि सेवा तर्फ**

- साना सिंचाई कार्यक्रम २८ वटा, बिउ वितरण प्लास्टिक टनेल वितरण ५० वटा, अनुदानमा हाते ट्रयाक्टर ४४ वटा वितरणको लागि खरिदको अन्तिम चरणमा पुगेको, अनुदानमा उन्नत जातको धानको बिउ वितरण ३५०० के.जी, १ घर १ फलफुल बमोजिम निशुल्क फलफुल बिरुवा (सुन्तला, कागती, लिची ) वितरण ५७०० वटा वितरण भएको छ। कृर्षि ज्ञान केन्द्रको सहकार्यमा आरुघाट धान बल्क सञ्चालनमा आएको। ३५० नमुना माटो परिक्षण सम्पन्न गरेको । वडा.१ मा आलु पकेट, वडा नं. ३ र ४ मा मौरी पकेट, वडा नं. ८ मा कागती पकेट संचालनमा आएको ।

- **पशु सेवा तर्फ**

- अनुदानमा पाडा वितरण ५० वटा, अनुदानमा ब्याड राँगा वितरण ७ वटा, भकारो सुधार कार्यक्रम ४७ वटा, अनुदानमा भैंसी पालन कार्यक्रम अन्तर्गत १२ वटा, वितरण, उन्नत जातको बयाड बोका वितरण १३ वटा, गाउँपालिकाको सहकार्यमा दुग्ध सहकारी संचालनमा आएको, प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना अन्तर्गत संचालित भैसी पकेट कार्यक्रम अन्तर्गत ४० वटा भैसी वितरण।

- **न्यायिक समिति तर्फ**

- ७ वटा उजुरी दर्ता भएकोमा ४ वटा विवादमा मिलापत्र भएका ,१ वटा विवाद छलफलको क्रममा रहेको र २ वटा विवाद अदालतमा पठाईएको छ ।
- गाउँपालिकाको वडा नं १ देखि १० सम्म सम्पूर्ण वडाहरूमा वडा मेलमिलाप समिति गठन भई विवाद समाधान हुँदै आएको छ ।

- **प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ**

- ४६७ जना सुचिकृत वेरोजगारलाई १०० दिनको रोजगारी दिँदै कुल १९.७ कि'.मि गोरेटो बाटो निर्माण सम्पन्न भएको ।

- **पंजीकरण तर्फ**

- गत आ.ब मा १० वटै वडामा गरेर जन्म ९१९, बिवाह २००, मृत्यु,२९८, बसाईसराई ५० र सम्बन्ध बिच्छेद ८ गरि कुल १४७५ व्यक्तिगत घटना दर्ता भएको छ।

- **पुनर्निर्माण तर्फ**

- भुकम्प क्षतिग्रस्त निजि आवासहरूको पुननिर्माण अन्तर्गत चालु आर्थिक वर्ष सम्म यस गाउँपालिकामा कुल ७०७७ धर क्षतिग्रस्त रहेको हालसम्म ६४६६ भन्दा वढि घर पुनर्निमाण कार्य सम्पन्न भएको छ ।

**श्रद्धेय सभाध्यक्ष**

**एवं सदस्य ज्यूहरु,**

अव म, गाउँपालिकाको समष्टिगत विकासका लागि आगामी आर्थिक वर्ष २०७८।७९ को बजेटका उद्देश्यहरु तथा प्राथमिकताका क्षेत्रहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु।

**७. बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन् :**

- कोभिड-१९ रोगको रोकथाम, नियन्त्रण र उपचारको प्रभावकारी व्यवस्थापन गर्नु।
- संकटग्रस्त अर्थतन्त्रलाई चलायमान र गतिशील बनाउनु।
- उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्दै समाजबाद उन्मुख अत्मनिर्भर राष्ट्रिय अर्थतन्त्र निर्माणमा योगदान पुर्याउनु ।
- सार्वजनिक खर्चमा पारदर्शिता, मितव्ययिता र उत्तरदायित्व पालना गराउनु।
- आर्थिक अनुशासन तथा वित्तीय सुशासन कायम गर्नु।
- भौतिक, आर्थिक तथा सामाजिक पूर्वाधार विकासमा जोड दिनु।

**८. आगामी आ.व. २०७८।७९ को लागि विकासका प्राथमिकताका क्षेत्रहरु देहाय बमोजिम रहेका छन्।**

- कोरोना भाइरस महामारीका कारणले स्वदेश तथा विदेशमा रोजगारी गुमाएका तथा बेरोजगार नागरिकको रोजगारीका अवसर बृद्धि गर्न लघु उद्यम विकास कार्यक्रम संचालन गर्ने।
- भौतिक पुर्वाधारहरुमा गाउँपालिका केन्द्र जोड्ने सडक लाई प्राथमिकतामा राखी विभिन्न सडकहरुको स्तरोन्नती तथा मर्मत सुधार गरि सडकको गुणस्तरियता अभिबृद्धि गर्ने।
- मानव संसाधन विकास (शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ र पोषण) मा जोड दिने।
- कृषि सेवा ,पशु सेवा, पर्यटन, वन तथा वातावरण क्षेत्रको विकास, विस्तार र संरक्षणमा जोड दिने।
- लक्षित वर्ग र समुदायको उत्थानका लागि सामाजिक सुरक्षा र सशक्तिकरणका कार्यक्रमहरु संचालन गर्ने।
- सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी र सर्वसुलभ बनाई नागरिकको पहुंचमा अभिवृद्धि गर्ने।

**९. बजेट तर्जुमाका आधारहरु**

उल्लेखित उद्देश्य परिपुर्ती गर्न बजेट तर्जुमा गर्दा निम्न आधारहरु लिइएको छु ।

- संघीय सरकारको आवधिक योजना, लक्ष्य, उदेश्य एवं प्राथमिकता र रणनीतिहरु ।
- प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना, नीति तथा कार्यक्रम ।
- दिगो विकासका लक्ष्यहरु ।
- स्थानीय सरकार सञ्चालन ऐन,२०७४
- विषयगत समितिको सिफारिस ।
- वडा समितिको प्राथमिकताका कार्यक्रमहरु ।
- विज्ञ समूहको परामर्श तथा सुझाब ।
- कार्यपालिकाले आवश्यक ठानेका र जनसहभागिता जुट्ने आयोजनाहरु
- विपन्न परिवारको आयआर्जनको योजनाहरु
- क्रमागत विकास योजनाहरु

**श्रद्धेय सभाध्यक्ष**

**एवं सदस्य ज्यूहरु,**

अब म, आगामी आर्थिक वर्ष २०७७।०७८ को लागी प्रस्तावित आय व्ययको अनुमान तथा बजेटका कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**१०.आगामी आ.व. २०७८।०७९ को प्रस्तावित आय व्यय अनुमान**

**३१.१ आय अनुमान :**

आगामी आर्थिक वर्ष २०७८।०७९ का लागि कुल **५८ करोड ९८ लाख १८ हजार रुपैयाको** आय अनुमान गरेको छु। जसमध्ये आन्तरिक आय स्रोतबाट **५५ लाख** अनुमान गरेको छु। संघीय सरकारको वित्तिय समानीकरण अनुदान तर्फ **१३ करोड ७६ लाख**, राजस्व बांडफांडबाट **७ करोड ८० लाख ९३ हजार,** समपूरक अनुदान तर्फ **९८ लाख**, सशर्त अनुदान तर्फ **२२ करोड ९१ लाख** रहेको छ। त्यस्तै प्रदेश सरकारको वित्तिय समानीकरण तर्फ **१ करोड ६७ लाख ९७ हजार**, प्रदेश सरकारको राजस्व बांडफांडबाट **५१ लाख २८ हजार**, समपूरक अनूदान तर्फ **१करोड**, ,जिम्मेवारी हस्तान्तरण तर्फ **२ करोड ९३ लाख** र चालू आर्थिक बर्ष २०७७।०७८ को बैक मौज्दात **६करोड ८५ लाख**को अनुमान गरेको छु।

**११.व्यय अनुमान :**

आगामी आ.व २०७८।०७९ का लागि **कुल ५८ करोड ९८ लाख १८ हजार रुपैयाको** व्यय अनुमान गरेको छु। जसमध्ये प्रशासनिक खर्च **७ करोड २५ लाख** रुपैया रहेको छ। संघीय शसर्त तर्फ **२२ करोड ९१** लाख विनियोजन गरेको छु।

अब म, आगामी आर्थिक बर्षको विषयगत क्षेत्रको बजेटका कार्यक्रम तथा बिनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**आर्थिक विकास,**

आर्थिक बिकास तर्फ एकमुष्ठ रु.३ करोड ४ लाख ५० हजार बिनियोजन गरेको छु ।जस अन्तर्गत,

**१२. कृषि तथा पशु :**

आरुघाट गाउँपालिका कृषि तथा पशु क्षेत्रमा अग्रणी गाउँपालिकाको रुपमा रहेको छ। धेरै कृषकहरु सो व्यवसायमा आत्मनिर्भर भैरहेका पनि छन्। अझै यस क्षेत्रलाई पशुपालन, दुग्ध व्यवसाय, कुखुरापालन, मत्स्यपालन लगायतका कृषि व्यवसाय व्यवसायिक रुपमा अघि बढाउन तथा कृषकको मनोबल उच्च राख्दै कृषि तथा पशु क्षेत्रलाई व्यवसायीकरण, आधुनिकीकरण, र यान्त्रिकीकरण गर्न कृषि तर्फ ७३ लाख ५० हजार र पशु तर्फ ८८ लाख बजेट विनियोजन गरेको छु।

**१३.पर्यटन तथा संस्कृति पर्वर्द्धन तर्फ,**

गाउँपालिका भित्र रहेका ऐतिहासिक, पुरातात्विक ,संस्कृतिक लगायतका पर्यटकीय क्षेत्रको पहिचान, सम्बर्द्धन तथा पूर्वाधार विकासको लागि ९९ लाख विनियोजन गरेको छु ।

र अन्य आर्थिक विकासका कार्यको लागि रु ४४ लाख बिनियोजन गरेको छु ।

**सामाजिक विकास तर्फ,**

सामाजिक विकास बिषयको लागि एकमुष्ठ रु ६ करोड २५ लाख १८ हजार बिनियोजन गरेको छु।जस अन्तर्गत,

१४. **शिक्षा**

सामुदायिक विद्यालयको भौतिक संरचना शैक्षिक गुणस्तर अभिबृद्धि गरी गुणस्तरीय शिक्षा प्राप्त गर्ने वालवालिकाको अधिकार संरक्षण गर्दै भौतिक पूर्वाधार निर्माण, अतिरिक्त क्रियाकलाप संचालन, विद्यालयमा सूचना प्रविधिको विस्तार र प्रयोग,अफलाईन डिजिटल सिकाई साझेदारी कार्यक्रम , राष्ट्रपति रनिङ्ग सिल्ड, क अक्षर लेखौ पालिकाको पेन्सिलले अभियान जस्ता कार्यगर्न शिक्षा तर्फ रु २करोड ६५ लाख ८० हजार बजेट विनियोजन गरेको छु ।

१५. **स्वास्थ्य**

स्वास्थ्य मानवको सबैभन्दा संबेदनशिल क्षेत्र हो। यसको लागि बाल पोषण, मातृ पोषण, खोप कार्यक्रमलाई निरन्तरता दिएको छु। सामुदायिक स्वास्थ्य इकाई संचालन, महिला स्वास्थ्य स्वयंसेविका स्वास्थ्य बिमा कार्यक्रम, बिद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रम,स्वास्थ्य उपचार राहत कोष, २० बर्ष उमेर समुह भन्दा माथिका नागरिकको मृगौला र मुटुरोग परिक्षण शिबिर जस्ता कार्य गर्न १करोड ९३ लाख ५० हजार विनियोजन गरेको छु ।

१६. **कोरोना भाइरस तथा अन्य भाइरस रोग**को रोकथाम, नियन्त्रण तथा उपचारलाई प्रभावकारी बनाउन, संचालन र व्यवस्थापन गर्न, औषधी उपकरण तथा कोष स्थापनाका लागि रु. **५० लाख ६३ हजार** विनियोजन गरेको छु।

१७. **एक स्थानीय तह एक खेल ग्राम** कार्यक्रम अन्तर्गत संघीय सरकार र यस गाउँपालिकाको सहकार्यमा खेल मैदानको निर्माण अन्तर्गत मंगलटार खेलमैदान निर्माणका लागि १५ लाख र वडा नं १ धुन्चेत खेलमैदानको लागि ५ लाख विनियोजन गरेको छु।

१८. **लक्षित कार्यक्रम तर्फ,**

समावेशीकरणको माध्यमबाट मात्र लक्षित वर्गलाइ मूल प्रवाहीकरणमा ल्याउन सकिन्छ। मूलप्रवाहीकरणका लागि अवसरका साथसाथै सहभागीता र सशक्तीकरणको आवश्यक पर्दछ। महिला, वालवालिका, दलित, जनजाती, जेष्ठ नागरिक र अपाङ्ग वर्गको उत्थान, सशक्तीकरण र सहभागीताको लागी विभिन्न कार्यक्रम संचालन गर्न **रु ८१ लाख** बजेट विनियोजन गरेको छु।

साथै अन्य सामाजिक विकास कार्य गर्नकोलागि रु १८ लाख बिनियोजन गरेको छु ।

**पूर्वाधार विकास तर्फ,**

पूर्वाधार विकास बिषयको लागि एकमुष्ठ रु १५ करोड ७३ लाख बिनियोजन गरेको छु।जस अन्तर्गत,

१९. वडास्तरीय पूर्वाधार विकास लगायत अन्य आवश्यक विकास कार्यक्रम संचालनको गर्नको लागि सबै वडामा **७० लाखको दरले रु ७ करोड** बिनियोजन गरेको छु ।

२०. गाउँपालिका केन्द्रदेखी वडा केन्द्रसम्म र वडा केन्द्र देखी बस्तीस्तरसम्मका सडकहरु बाह्रै महिना संचालन गर्न गाउँपालिका स्तरीय गौरवका सडकलाई ४ करोड ६३ लाख र वडा स्तरिय सडक तर्फ ७० लाख बजेट बिनियोजन गरेको छु।

२१. गाउँपालिका वडा न. ३ र ४ को वडा कार्यालय भवन जिल्ला समन्वय समितिको मौज्दात कोषको रकम समेत खर्च गर्ने गरी रु. **७५ लाख** बिनियोजन गरेको छु, त्यस्तै विभिन्न स्कुलको भवन निर्माण र सुधार एवं दलित सामुदायिक भवन वडा न. ९ को लागि **रु. ४३ लाख** बिनियोजन गरेको छु ।साथै गाउँपालिका स्तरिय पुँजिगत विकास कार्य गर्नकोलागि रु १ करोड २० लाख बिनियोजन गरेको छु ।

**२२.विपद, बन तथा वातावरणः**

बन क्षेत्रको दिगो ब्यबस्थापन ,जल, जमिन ,जंगल,जडिबुटीको दिगो संरक्षण, जलाधार संरक्षण तथा ब्यबस्थापन, बिपद् जोखिम न्यूनीकरण, ब्यबस्थापन तथा वाताबरण संरक्षण कार्यका लागि **रु. ४३ लाख** बिनियोजन गरेको छु ।

**२३. सार्वजनिक सेवा प्रवाह**

सार्वजनिक सेवालाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा सहभागीतामूलक बनाउन सुशासनका आधारभूत तत्वहरुको परिचालन गर्न,संगठन तथा ब्यवस्थापन सर्भे गर्न, प्रविधिमैत्री बनाउन, क्षमता तथा सीप विकास मार्फत उत्तरदायी बनाउन **रु ३९ लाख ५० हजार** बजेट विनियोजन गरेको छु। साथै नेपाल सरकारको निर्णय बमोजिम गाउँपालिका अन्तर्गत शिक्षा लगायत अन्य क्षेत्रमा कार्यरत कर्मचारिको तलवमान समायोजनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।र अधुरा आयोजना पुरा गर्नको लागि रू २ करोड ९३ लाख जिम्मेवारी हस्तान्तरण गरेको छु ।

**श्रद्धेय सभाध्यक्ष**

**एवं सदस्य ज्यूहरु,**

२४. उल्लेखित बजेट कार्यान्वयनको लागि समग्र सहभागितात्मक पद्धतीबाट बस्ती गाउँ टोल हुंदै गाउँ कार्यापालिकाबाट तय भएका अनुसुचिमा उल्लेखित आयोजना तथा कार्यक्रम र विनियोजित बजेट माथि छलफल तथा स्वीकृतीको लागि अनुरोध गर्दछु।

२५. कोभिड–१९ महामारीको प्रभाव र असरका कारणले बजेटको स्रोतमा संकुचन भएको अवस्थामा प्रस्तुत बजेट तथा कार्यक्रमहरुमा पनि प्रभाव र असर पर्न सक्ने अनुमान गरेको छु।

२६. प्रस्तावित बजेट तर्जुमा गर्दा गाउँपालिकाको आन्तरिक आय, संघिय सरकारबाट प्राप्त बजेट, प्रदेश सरकारबाट प्राप्त बजेट तथा प्राथमिकताका क्षेत्र, गाउँ पालिकाको प्राथमिकताका क्षेत्रहरु, नागरिकबाट आवश्यक ठानिएका योजनाहरु, नागरिक समाज, गैर सरकारी संस्थाहरु लगायत सम्पुर्ण महानुभावहरु सबैको अमुल्य सुझावलाई उपलव्ध श्रोत साधनको सिमा भित्र रहि समेट्ने प्रयास गरेको छु।

२७. गाँउपालिकाको स्रोत र क्षमता अनुसार विभिन्न समिति, उपसमितिहरु र गाँउ कार्यपालिकामा व्यापक छलफल गरी बजेटलाई सन्तुलित र दिगो बनाउने प्रयास गरिएको छ। गाउँपालिकाको स्रोत साधनले समेट्न नसकेका ठूला योजनाहरु प्रदेश सरकार र केन्द्रीय सरकारको सहकार्यमा संचालन गर्न स्रोतको व्यवस्था गरेको छु। थप योजनाहरुको संचालनको लागि प्रदेश सरकार र संघीय सरकारमा पहल गरिने व्यहोरा समेत अनुरोध गर्न चाहन्छु।

२८. अन्तमा, सबैको सकारात्मक, अर्थपुर्ण र साझेदारी युक्त सहयोगबाट मात्र बजेट कार्यान्वयनमा सफलता प्राप्त हुने कुरामा दुईमत हुन सक्दैन। तसर्थ प्रस्तुत बजेट कार्यान्वयन, अनुगमन, मुल्यांकनमा आ–आफ्नो तर्फबाट सहयोग पुर्याउन सम्पुर्ण जनप्रतिनिधिहरु, बुद्धिजिबीहरु, राजनैतिक दल, सरकारी, गैर सरकारी संघ संस्थाहरु, उद्योगी व्यवसायीहरु, नागरिक समाज, उपभोक्ता समितिहरु लगायत सरोकारवाला सम्पुर्णबाट महत्वुपुर्ण र सार्थक सहयोग प्राप्त हुने अपेक्षा गरेको छु। बजेट तथा कार्यक्रम तर्जुमामा सहयोग पुऱ्याउनुहुने सम्पुर्ण कार्यपालिका सदस्यज्यूहरु, विषयगत समितिका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु एवं राष्ट्रसेवक कर्मचारीहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु।प्रस्तुत बजेट र अनुसुचि ६ मा संलग्न आयोजना तथा कार्यक्रमहरुलाई यस सम्मानित सभाबाट गहन छलफलका साथ पारित गर्नुहुनेछ भन्ने अपेक्षा गरेको छु। **धन्यबाद।**